# फिक्कल गाउँपालिका
## चालु आर्थिक वर्ष २०८१/०८२
# सार्वजनिक सुनुवाई कार्यक्रमको
## प्रगती प्रतिवेदन
## २०८१

'फिक्कल समृद्धिको मूल आधार-कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार' भन्ने मुल नाराका साथ आम नागरिकको सहभागिता तथा स्थानीय सरकारको उत्तरदायित्व र पारदर्शिता सहितको जवाफदेहीताका लागि फिक्कल गाउँपालिकाद्धारा आयोजित चालु आर्थिक वर्ष २०८१/०८२ को **प्रथम चौमासिकको सार्वजनिक सुनुवाई** कार्यक्रमको प्रगती प्रतिवेदन ।

**मिति :** २०८१/०९/०३

**स्थान :** फिक्कल गाउँपालिकाको प्राङ्गण

**समय :** बिहान ११ :०० बजेदेखि

**सहजिकरण :** राजन गाउँले, संवादाता, अन्नपूर्ण मिडिया नेटवर्क ।

**पृष्ठभूमि :**

**भौ**गोलिक, सामाजिक एवं आर्थिकरुपमा पछाडि परेका विपन्न वर्ग, क्षेत्र, जात-जाति, लिंग र समुदायलाई समावेशीकरण र सामाजिक परिचालनका माध्यमबाट सशक्तिकरण गरी उपलव्ध स्रोत, साधन र निर्णय प्रक्रियामा उनीहरुको समान सहभागिता र पहुँच अभिवृद्धि गर्नु स्थानीय सरकारको दायित्व हो । स्थानीय सरकारले लैङ्गकि, समतामुखी र समावेशी विकासको अवधारणा अवलम्बन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्नुपर्दछ

स्थानीय स्तरमा सुशासन, पारदर्शीता र सेवा प्रवाहमा उत्तरदायित्वका साथै स्थानीय समुदाय, नागरिक समाज, गैरसरकारी तथा निजी क्षेत्रलाई जिम्मेवार बनाउनु पनि स्थानीय सरकारकै जिम्मेवारी भित्र पर्दछ । संघिय व्यवस्थाको मूल आधार भनेको स्थानिय सरकार हो । स्थानिय सरकारको काम, कर्तब्य र अधिकारका आधारमा संघिय व्यवस्थाको आधारभूत मूल्य, मान्यता, व्यवहार र परिवर्तनलाई आम नागरीकले मुल्यांकन गर्न थालिसकेका छन् । जसले नयाँ र समृद्ध नेपालको थालनी तल्लो तहबाटै शुरुवात गर्ने अभ्यासको प्रारम्भिक मुल्यांकन गर्ने छन् । यस्तो अवस्थामा लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्थानीय स्वायत्त शासनको माध्यमद्धारा जनताको जीवनस्तरमा सुधार ल्याउने, स्थानीय सुशासनको संस्थागत विकास गर्ने, स्थानीय सेवा प्रवाहमा सुधार गर्ने र दिगो र गुणस्तरीय आर्थिक सामाजिक तथा स्थानीय पूर्वाधार विकास गर्न स्थानिय सरकारले खेलेको भुमिकाका बारेमा आम नागरीकलाई सचेत पूर्वक जवाफ दिनु पर्ने हुन्छ । बरु जतिसक्दो आ=नो कामलाई लोकप्रिय र व्यवहारिक बनाउन अग्रसर हुनुपर्ने देखिएको छ ।

वर्तमानमा निहित स्थानिय सरकारको सर्वोच्च काम, कर्तव्य र अधिकारको उच्चतम् गुणात्मक व्यवहारिक प्रयोग र त्यसबाट प्राप्त सकारात्मक परिवर्तनले नै संघिय व्यवस्थाको भविष्य निर्धारण गर्दछ । त्यसको अलावा

सेवाग्राहीको न्यूनतम् आवश्यक्ता देखि उच्चतम् लक्ष्य प्राप्तीको लागि समेत स्थानिय सरकारको सक्रिय भूमिका हुने हुँदा स्थानिय सरकारलाई मजवुद र लोकप्रिय बनाउन त्यतिकै आवश्यक छ ।

यसका साथै स्थानिय निकायले आ=नो सेवालाई प्रभावकारी बनाउन प्रवाहित सेवा सम्बन्धि सेवाग्राहीलाई जानकारी गराउनु अत्यन्त आवश्यक छ । यसको प्रभावकारी माध्यम भनेको गाउँपालिकाद्धारा प्रदान गरिएको सेवा प्रबाहका बारेमा आम नागरिकको सहभागितामा आम नागरिकको सहभागितामा स्थानीय सरकारको उत्तरदायित्व र पारदर्शिता सहितको जवाफदेहीताका लागि आयोजना गरिने सार्वजनिक सुनुवाई कार्यक्रम नै हो ।

यसै सन्दर्भमा सिन्धुलीको उत्तर पुर्वमा रहेको फिक्कल गाउँपालिकाले आम नागरिकको सहभागिता तथा स्थानीय सरकारको उत्तरदायित्व र पारदर्शिता सहितको जवाफदेहीताका लागि २०८१ पौष ३ गतेका दिन चालु आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको छ ।

उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानिय निकायको काम, कर्तव्य र अधिकारकाका साथै नागरिकका विचमा प्रदान गरिएका सेवा प्रबाह जस्ता विषयमा सर्वसाधारणलाई सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत जानकारी गराईएको छ ।
अतः यस प्रतिवेदनमा फिक्कल गाउँपालिकाबाट चालु आर्थिक वर्षको पहिलो चौमासिकमा आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुको उद्देश्य, विधि र प्रकृयाका साथै सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको क्रममा भए गरेका महत्वपूर्ण गतिविधिहरु संक्षिप्त रुपमा समेट्ने प्रयास गरिएको छ ।

**उद्देश्य :**

सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानिय निकायको काम, कर्तव्य र अधिकारकाका साथै नागरिकका विचमा प्रदान गरिएका सेवा प्रबाह जस्ता विषयमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले आयोजना गरिने खुल्ला कार्यक्रम हो । स्थानीय सरकारको सामाजिक जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहीता र परदर्शीताका साथै आम नगारिकको सुचनाको हक अन्तरगत जान्न र बुझ्न पाउँने अधिकारलाई व्यवहारिक रुपमा प्रयोग गर्दै उनिहरुको चासो, चिन्ता र जिज्ञासालाई सम्बोधन गर्दै सकारात्मक सुझाव ग्रहण र अगामी दिनमा त्यस्ता सुझावहरुलाई क्रमस कार्यान्वयन गर्दै लैजानु पनि कार्यक्रमको उद्देश्य हो ।

**कार्यक्रमको तयारी :**

गाउँपालिकाद्धारा चालु आर्थिक वर्षको पहिलो चौमासीक रुपमा गर्दै आएको सेवा प्रवाबहका विषयमा आम नागरीकलाई जानकारी गराउँने उद्देश्यले आयोजना गरिने सार्वजनिक सुनुवाइ कार्यक्रमको एक साता अघिदेखिनै सर्वसाधरणलाई सार्वजनिक सूचना मार्फत जानकारी गराइएको थियो । गाउँपालिकाको आधिकारीक फेसबुक पेज, गाउँपालिकाको वयभसाइड, जनप्रतिनिधि, वडा तथा विभिन्न शाखा कार्यालय मार्फत कार्यक्रम संचालन हुने मिति, समय र स्थानका बारेमा जानकारी गराई उक्त कार्यक्रममा सहभागिताका लागि आम नागरिकलाई आह्वान गरिएको थियो ।

**सहभागि :**

सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु गाउँपालिका अध्यक्ष पार्वति सुनुवार, प्रमुख प्रशासकीय अधिकृत डम्बर बहादुर रजन मगर, वडा अध्यक्षहरु, कार्यपालिका सादस्य, वडा सदस्य, शाखागत कर्मचारीहरु, राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, सामाजिक संघसंस्थाका प्रमुख प्रतिनिधि, सुरक्षाकर्मी, रेडक्रसकर्मी, संचारकर्मी, शिक्षक तथा विद्यालय व्यवस्थापन समिति, महिला तथा कृषक समुह तथा सहकारीहरुको प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**सहजिकरण :**

फिक्कल गाउँपालिकाको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण जिल्लामा कृषिशिल संचारकर्मीहरुबाट सहजिकरण गरिएको थियो । कार्यक्रममा सहभागि जनप्रतिनिधि र कर्मचारी तथा आम नागरिकहरुविच भएको सवाल जवाफमा संचारकर्मीहरुले सहजिकरण गर्दा निष्पक्ष, समान सहभागिता र खुल्ला तथा स्पष्ट अभिव्यक्तिमा सहयोग पुगेको थियो ।

**कार्यक्रम संचालनका चरणहरु :**

सार्वजनिक सुनुवाई कार्यक्रम चारवटा प्रकृयामा विभाजन गरेर संचालन गरिएको थियो । पहिलो चरणमा उपस्थित सबैबाट राष्ट्रिय गानमा सहभागिता जनाएसंगै सुरुभएको कार्यक्रमको दोस्रो भागमा कार्यक्रममा सहभागिहरुलाई आशन ग्रहण, तेस्रो चरणमा प्रमुख प्रशासकीय अधिकृत डम्बर बहादुर रजनबाट गाउँपालिकाले चौमासिक रुपमा कार्य सम्पादन गरेका गतिविधिहरुको जानकारी गराईएपछि चौथो चरणमा कार्यक्रममा सहभागिहरुबाट प्रश्न, जिज्ञासा र सुझाव लिइएको थियो । सहभागिहरुको व्यक्तिगत तथा समुहगत रुपमा आएको प्रश्न तथा जिज्ञासाहरुहरुमाथी गाउँपालिकाका अध्यक्ष पार्वती सुनुवार तथा प्रमुख प्रशासकिय अधिकृत डम्बर बहादुर रजन मगर, शिक्षा शाखा प्रमुख रामचन्द्र कार्की लयातले जवाफ दिनु भएको थियो ।

## सार्वजनिक सुनुवाई कार्यक्रम संचालनका क्रममा उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| क्र.स. | प्रशन वा गुनासो कर्ताको नाम | प्रश्न/जिज्ञासा र सुझाव | जवाफ दिने व्यक्तिको नाम र पद | जवाफको छोटकरीमा व्यहोरा |
|---|---|---|---|---|
| १. | लोकेन्द्र बहादुर कार्की (अध्यक्ष, नेकपा माओवादी केन्द्र फिक्कल गाउँ कमिटि) | विपद्को समयमा कहाँकहाँबाट सहयोग प्राप्त भयो ? यसको बाडफाँड कसरी भएको छ ? सस्तो ब्याजमा ऋण पाइन्छ भनेर पालिकाबासीलाई प्यान नम्बर लिन लगाइयो तर ऋण पाइएन किन ? उपभोक्ता समिति गठन गर्दा अनिवार्य प्यान लिन लगाएपनि त्यो खारेज गरिएन त्यसबाट हुने असरको जिम्मा कसले | पार्वती सुनुवार (अध्यक्ष, फिक्कल गाउँपालिका) | गत असोज १० देखि १२ गते सम्म सुनकोशी नदीमा आएको बाढीले गाउँपालिका भित्रका सडक, पुल, विद्यालय, खानेपानी, आवास, खेतियोग्य जमिन लगायतमा पुऱ्याएको क्षेतीको विवरण संकलन गरेका छौं । उक्त विवरण केन्द्रीय सरकारको विपद् व्यवस्थापन समितिमा समेत बुझाएका छौं । यहाँको क्षेतिका आधारमा संघिय सरकारबाट आएको .....र प्रदेश सरकार बाट .....सहयोग प्राप्त भएको छ । त्यसको अलवा विभिन्न स्थानीय तह तथा सामाजिक संघ |

| | | | | |
|---|---|---|---|---|
| | | लिने हो ? | | संस्थाहरुबाट समेत नगद तथा जिन्सी सामाग्रहिरु प्राप्त भएका छन् । ति नगद तथा जिन्सी राहतहरु विपद् समितिकै निर्णयका आधारमा प्रदान गरिएको छ । त्यसमा सर्वदलिय निर्णय समेत गर्ने गरिएको छ । सस्तो ब्याजमा ऋण वितरणको प्रकृया गाउँपालिकाले अघिल्लो वर्षदेखिनै गर्दै आएको छ । त्यसलाई यो वर्षपनि निरन्तरता दिईने छ । प्यान नम्बर लिएकाहरुले आफ्नो व्यवसायको नियमित अडिट तथा करचुक्त गर्दै बस्नु पर्छ हामी सहजताका लागि पहल गरिरहेका छौं । उपभोक्त समितिले लिएको प्यान नम्बर समितिको काम सकिएपछि खारेज गर्नुपर्ने हुन्छ । त्यसका लागि समितिनै चनाखो हुनुपर्दछ । केही समस्या भए पालिकाले सहजिकरण गर्ने छ । |
| २. | गंगाराम पहाडी | पालिकाले एक वडा एक उत्पादनको नारा लिएको थियो के भयो ?<br>गाउँपालिकाको वडा नम्बर ४ मा रहेको स्वास्थ्य चौकी भवनको हालसम्म ५३ प्रतिशत मात्र निर्माण सकिएको भन्ने छ के कारणले निर्माणमा ढिलाई भएको हो ? | डम्बर बहादुर रजन मगर<br>(प्रमुख प्रशासकीय अधिकृत) | बागमती प्रदेश सरकारसंगको समन्वयमा प्रदेशको ६०, गाउँपालिकाको २० र व्यक्ति तथा समुहको २० प्रतिशत साझेदारीमा एक वडा एक उत्पादन कार्यक्रम अघि सारीएको हो । हाल वडा नम्बर ५ मा उक्त कार्यक्रम छनौट भएर तरकारी खेति संचालनमा छ । चालु आर्थिक वर्षबाट वडा नम्बर १ मा बाखापालन सुरु गरिने छ । स्वास्थ्य चौकी निर्माण भने निर्माण व्यवसायी आधा काम गरेर सम्पर्क विहिन हुँदा ढिलाई भएको हो । हामीले निर्माण व्यवसायीलाई काम गर्न पटक पटक भने पनि अटेर गरेकाले उक्त ठेक्कानै तोड्नु पर्ने अवस्था आएको छ । |
| ३. | सूर्य प्रसाद पहाडी<br>(प्रअ, मावि खाङसाङ) | बाढी र पहिलोले क्षेती पुऱ्याएका संरचनाको पुनर्निर्माण कहिलेबाट हुन्छ ?<br>कृषकहरुलाई कृषि औषधि वितरण प्रभावकारी किन हुन सकेन ?<br>विद्यालयहरु अतिरिक्त कक्ष संचालन गर्ने र त्यसका लागि प्रति | डम्बर बहादुर रजन मगर<br>(प्रमुख प्रशासकीय अधिकृत) | बाढीले क्षेती पुऱ्याएका सडकहरुको अस्थायी ट्र्याक खोल्ने काम भएको छ । विद्यालयहरु सफा गर्ने काम भईरहेको छ । बाढीले झोलुंगे पुल बगाउँदा विद्यार्थीहरुलाई नदी वारपार गर्न समस्या भएपछि पालिकाले पहल गरेर सुनुकोशी नदीमा बोट संचालन गरिएको छ । किसानको खेतहरु सम्याउन थालिएको छ । खानेपानी, विद्युतहरु मर्मत गरेर नियमित संचालन गरिदै आएको छ । अन्य |

| | | | | |
|---|---|---|---|---|
| | | विद्यालय ५० हजारका दरले दिने भनिएको भएपनि किन निकासा हुन सकेन ? | | ठुला भौतिक पूर्वाधारहरु निर्माण गर्न प्रदेश र संघिय सरकारसंग अनुरोध गरेका छौं । कृषि औषधी प्राविधिकहरुको सहभागितामा वितरण गर्ने गरिएको हो । त्यसको प्रभावकारीताका विषयमा भर्खर प्रश्न उठ्यो हामी पनि बुझ्ने छौं र कतै कमिकमजोरी भएको पाइएमा त्यसलाई तत्काल सुधार गर्दै लैजाने छौं । बाढी प्रभावित विदालयहरुमा अतिरिक्त कक्षा संचालन गर्ने भनिएको हो । तर ति विद्यालयहरुको माटो पन्छाउन जेसिवी लैजान बाटो निर्माणले ढिला भयो । कक्षा संचालन भएका विद्यालयहरुले निकासा माग्न आएका छैनन् । सबै त्यस्ता विद्यालयमा कक्षा संचालन र रकम निकासा गर्न पालिकाको तफ्बाट लागि रहेका छौं । |
| ४. | लोकेन्द्र बहादुर कार्की (अध्यक्ष, नेकपा माओवादी केन्द्र फिक्कल गाउँ कमिटि) | पालिकाले सहुलियत ऋण दिन्छु भनेर प्यान नम्बर लिनेहरुले भोली नियमित कर बुझाउन नसक्दा कसले जिम्मा दिन्छ, त्यसमा पालिका जावफदेही बन्नुपर्दैन ? | पार्वती सुनुवार (अध्यक्ष, फिक्कल गाउँपालिका) | हैन हामी त्यसप्रति गम्भीर छौं । गाउँपालिका बासीलाई सहुलियत ऋण प्रदानका लागि हामीले शिद्धार्थ, प्रभु, मेगा लगायतका बैंकहरुसंग संझौता गरेका छौं । युवाका लागि उद्यमशिलतामा लागनी गर्ने तयारीमा छौं । छिट्टै ऋण प्रवाह हुनेछ । केही समय सबैले धैर्य गर्नुपदर्छ । |
| ५. | देवेन्द्र पाखिन (अध्यक्ष, मावि सालुके) | १. विपद् व्यवस्थापन समिति छकी छैन् ?<br>२.शिक्षा क्षेत्रमा फिक्कल गाउँपालिकालाई व्यवस्थित बनाउने योजना के छन् ?<br>३. स्वास्थ्य चौकी निर्माणमा कमसल सामाग्रीको प्रयोग भएको भन्ने छनी ? | पार्वती सुनुवार (अध्यक्ष, फिक्कल गाउँपालिका) | गाउँपालिकामा विपद् व्यवस्थापन समिति गठन भएको छ । त्यसले पूर्वतयारी र प्रतिकार्यमा काम गर्दै आएको छ । गाउँपालिकामा शिक्षा क्षेत्रको सुधारका लागि पालिकाले निति तथा कार्यक्रम बनाएर बजेट सहित कार्यान्वयन गर्दै आएको छ । त्यसका लागि शिक्षा क्षेत्रका जानकारहरुसंग समेत परामर्श गर्ने गरिएको छ । गाउँपालिकाको सबैभन्दा धैरै बजेट शिक्षा क्षेत्रमै लगानी छ । स्वास्थ्य चौकी निर्माणका विषयमा भने केही कमजोरी भएको हामीले समेत अनुगमनका क्रममा पाएका छौं । त्यसलाई साधार्न निर्माण कम्पनीलाई भनेका छौं । कमजोरी नसुधारे हामी भुक्तानी बन्दगर्नेछौं । र अटेर गरेर कानुनी कारबाहीमा जानेछौं । गाउँपालिको त्यस्ता |

| | | | | |
|---|---|---|---|---|
| | | | | घटनामा गम्भीर छ । |
| ६. | गोविन्द पहाडी (विद्यार्थी नेता) | गाउँपालिकाबाट प्रदान गरिने विकास निर्माणका योजनामा विभेद हुने गरेको भन्ने सुन्नमा आएको छ । राजनितिक आस्थाका आधारमा विकास निर्माणमा हेर्न मिल्छ ? | पार्वती सुनुवार (अध्यक्ष, फिक्कल गाउँपालिका) | हामीले गाउँपालिकाबाट प्रदान गर्ने कुनैपनि सेवामा राजनितिक पूर्वाग्रहका आधारमा कसैप्रति भेदभाव गर्ने वा पूर्वाग्रह राख्ने कार्य गरेकाछैनौं । त्यस्तो अवस्था कसैसामु आएको छ भन्ने लाग्दैन । यही कँही कतै कसैबाट भएको भए त्यो राम्रो हैन । हामी सबै दलसंग आस्था र विचार राख्नेहरुको जनप्रतिनिधि, तथा कर्मचारीहरु भएकाले त्यस्तो हुने अवस्था आउँदैन । |
| ७. | हेम कुमारी आछामी (विद्यार्थी नेता) | बैदेशीक रोजगारका लागि देश छाड्ने युवाहरुलाई गाउँघरमै रोक्न गाउँपालिकाको के योजना छ ? | डम्बर बहादुर रजन मगर (प्रमुख प्रशासकीय अधिकृत) | गाउँपालिकाले युवाहरुलाई स्थानीय स्तरमै रोजगार दिनेगरी योजनाहरु बनाएर काम गरिरहेको छ । कृषि क्षेत्र यहाँको रोजगार सम्भावना भएको क्षेत्र हो । हामीले कृषि र पर्यटनलाई लक्षित गरेर फिक्कल लगानी सम्मेलनको समेत आयोजना गरेर यहाँ सम्भावित व्यवसाय र लगानीको माध्यमहरुको खोजि गरेका छौं । सहुलियत पूर्ण ऋण, कृषिमा अनुदान लगायतका काम गरिरहेका छौं । युवाहरुले स्वदेशमै बसेर व्यवसाय गर्न चाहेमा गाउँपालिकाबाट लगानी र सहयोगको वातावरण बन्ने छ । |
| ८. | लोकेन्द्र कार्की | १.गाउँपालिकामा करारमा कर्मचारी भर्ना गर्दा कसरी गर्ने गरीएको छ ?<br>२. गाउँपालिकाबाट उपभोक्ता समितिमार्फत भएको सडक निर्माणको भुक्तानी कसरी हुने गरेको छ ? अघिल्ला बर्षहरुमा उपभोक्ता समितिबाट निर्माण गरिएको सडकको भुक्तानी बाँकी रकम भुक्तानी हुन्छकी हुँदैन ? | डम्बर बहादुर रजन मगर (प्रमुख प्रशासकीय अधिकृत) | गाउँपालिकाको स्किृत दरबन्दी अनुसार स्थायी कर्मचारी नआएको खण्डमा पालिकाले अस्थायी/करारमा कर्मचारी भर्ना गर्ने गरेको छ । त्यसमा खुल्ला सूचनाबाट दरखास्त आह्वान गरी छनौट समिति मार्फत कर्मचारी भर्ना गर्ने गरीएको छ । उभोक्ता मार्फत निर्माण गरिएको सडकहरुको संम्झौता अनुसार प्राविधिक मुल्याकंन, अनुगमनका आधारमा रकम भुक्तानी हुन्छ । पुराना र अघिल्ला वर्षहरुमा बाँकी रहेको भुक्तानी दायित्व सहित पालिकामा निर्णय भएको छैन र बजेट विनियोजन भएको छैन भने त्यसलाई अहिले भुक्तानी दिन सकिदैन । त्यसो गर्न मिल्दैन । |

**कार्यक्रम संचालनको अवधि :** करिव साँढे दुई घण्टा ।

**निष्कर्ष :**

फिक्कल गाउँपालिकाद्धारा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानीय तहमा सहभागिता, साझेदारीता, पारदर्शीता र सुशासनका मुल्य र मान्यतालाई स्थापीत गरी विकास निर्माण र सेवा प्रबाहमा गुणस्तरीयता, पारदर्शीता एवं सर्बसुलभता कायम गर्न जनप्रतिनीधि, कर्मचारी र आम नागरीकका भुमिकाका बारेमा सवाल जवाफ गरिएको छ । जसले फिक्कल गाउँपालिकाको जनप्रतिनिधि तथा कर्मचारीबाट चालु आर्थिक वर्षमा प्रदान गरिएका सेवा प्रबाह, गाउँ साभा तथा कार्यपालिकाबाट भए गरेका निर्णय, वार्षिक निति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था, विकास निर्माणमा प्रदेश तथा संघिय सरकारका साथै विभिन्न सरकारी तथा गैर सरकारी संघ/संस्थासंगको साझेदारी, स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, रोजागर तथा विपद् व्यवस्थापन, साथै महिला, बालबालिका, जेष्ठ नागरिकका साथै सामाजिक सुरक्षाका क्षेत्रमा भए गरेका काम र प्रगतीका बारेमा नागरीकले चासो राखेर प्रश्न गरेका छन भने नागरीकको प्रश्न तथा जिज्ञासालाई निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुले जवाफ दिएका छन् ।

जसले गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र पालिकाका सेवाग्राही आ=नो काम, कर्तव्य र अधिकारका विषयमा समेत जानकार भै सेवा प्रदान गर्ने र ग्रहण गर्ने तरिकामा समेत बोध गराएको छ । सार्वजनिक सुनुवाई कार्यक्रमले स्थानीय नागरिक र स्थानीय सरकार विचको समदुरीलाई कम गर्दै सेवा दिने र लिने बीचको सेतु बन्न सफल भएको छ ।

**<u>सार्वजनिक सुनुवाई</u>** कार्यक्रले स्थानिय निकायको धेरै उल्झनहरुमा कम गरि कामलाई छिटो छरितो र पारर्दशिता बनाउन समेत योगदान पुऱ्याएको छ भन्दा फरक पर्दैन् । आम नागरिकको चासो, चिन्ता र सुझाव सहितको छलफल र बहसले स्थानीय सरकारले प्रावह गर्ने सेवामा जनउत्तरदायी, सुशासन र पारदर्शीताका लागि जवाफदेही मात्र बनाएको छैन आम नागरिक समयमानै सचेत भई स्थानीय सरकारका काम र कर्तव्यलाई संधै बोध गराई रहे स्थानिय सरकार लोकप्रिय र मजबुद बन्छ भन्ने तथ्यलाई समेत पुष्टि गर्न मद्धत पुग्ने विश्वास गरिएको छ ।

**आ.व. २०८१/०८२ को प्रथम चौमासिकमा फिक्कल गाउँपालिकाद्धारा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमका केही झलकहरु :**





फिक्कल गाउँपालिका
Phikkal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
Khangsang, Sindhuli
Bagmati Province, Nepal

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने सम्बन्धी सूचना ।


सार्वजनिक सुनुवाई कार्यक्रम
PUBLIC HEARING













फिक्कल गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम पछि मिडिया कभरेज :

मिति २०८१ पौष ४ गतेका दिन आ. व. २०८१/०८२ को प्रथम चौमासिकको सार्वजनिक सेवा प्रवाह तथा यसैका गत प्रगतिको सार्वजनिक सुनुवाई कार्यक्रम लिखु गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवार ज्यू को अध्यक्षतामा तपसिलको उपस्थिति मा सम्पन्न गरियो।

उपस्थिती

गा.पा. अध्यक्ष श्री पार्वती सुनुवार
गा.पा. उपाध्यक्ष श्री रञ्जु बराल
प्रमुख प्रशासकीय अधिकृत श्री डम्बर बहादुर रसनमगर
१.नं. वडा अध्यक्ष श्री होम बहादुर सुनुवार
२.नं. वडा अध्यक्ष श्री शंकर बहादुर भण्डारी
३.नं. वडा अध्यक्ष श्री टेकु बहादुर रसन मगर
४.नं. वडा अध्यक्ष श्री मोहन मगर
५.नं. वडा अध्यक्ष श्री बैकुण्ठ लाल पहाडी
६.नं. वडा अध्यक्ष श्री कुलेन्द्र राना मगर
नि वर्तमान गा.पा. अध्यक्ष श्री धन बहादुर कार्की
शाखा अधिकृत श्री रामचन्द्र कार्की
४ नं. वडा कार्यवाहक अध्यक्ष श्री देविराम काफ्ले
नेकपा माओवादी श्री लोकेन्द्र बहादुर कार्की
खाङसाङ प्रहरी चौकी इन्चार्ज श्री श्याम कार्की
नेपाल पत्रकार महासंघ सिन्धुली अध्यक्ष श्री बाबुराम केकोटा
मा.वि. सालुके वि.व्य.स. अध्यक्ष श्री देवेन्द्र पाख्रीन
फिक्कल सव डिभिजन वनपाल सागिर बहादुर पौडेल
स्वविन्दु पशुपति लि.सि.स. गोविन्द पहाडी
NTA 4 ojpie निर्मला पौडेल
[illegible] लटेन्नाथ फुयाल
वरिष्ठ आयोजना/नि... (जेवा) [illegible]
हेम कुमार अधिकारी सामुदायिक
फणिन्द्रनाथ पहाडी शिक्षक [illegible]
[illegible] प्र.अ.
मोहन बहादुर श्रेष्ठ मुजेश्वर प्रा.वि. [illegible] प्र.अ.
लक्ष्मीप्रसाद घिमिरे सुनकोशी मा.वि. खाङसाङ प्र.अ.

PAGE NO. ______
DATE / /

ठाकुर प्रसाद फुयाल श्री मा.वि. रातमाटा - प्र.अ.
टेक बहादुर थापा मगर श्री मा.वि. सुनाम डाँडे - प्र.अ.
विनोद पहाडी श्री बालकल्याण प्रा.वि. - प्र.अ.
पुष्पा कुमारी पाख्रिन रत्नावती ६ वडा कार्यालय
सुनिता थापा - Relief Nepal - S.M
पूर्ण कठ आपामगर Relief Nepal S.M
गंगा प्रसाद पहाडी - अध्यक्ष - वेलबास एकीकृत ग्रा.पं. ६ लोडी
सन्तोष राज पाँडेल श्री स्वाथ्य चौकी रत्नावती स्वा.चौ. प्रमुख
फणिन्द्र पहाडी पत्रकार रोजगार शाखा फिक्कल गाउँपा
गुणराज पहाडी - फिक्कल गा.पा. ४ मं वडा कार्यालय
निराज ज्ञान गुरुङ मगर फिक्कल गाउँपा (योजना शाखा)
ठाकुर बस्नेत फिक्कल - ८ वडा सचिव
कमल बहादुर थापा फिक्कल ६ वडा सचिव
वेद मोक्तान अहिकल फिक्कल
शिवराम मगर श्री मोड ... आ.वि. इलिम ...
किशन ब. वाईबा श्री आ.वि. देउराली प्र.अ.
प्रकाश शाह फिक्कल गा.पा.
राज कुमार कार्की - फिक्कल गा.पा. ... प्रमुख
गिरिन्द्र सिंह ... फिक्कल ८
मिलन बानियाँ फिक्कल गा.पा.
उमेश थापा फिक्कल गा.पा. - ३
गोविन्द व. कार्की फिक्कल ... प्राविधिक सहायक
प्रेम बहादुर विश्वकर्मा श्री जिन्दु प्रा.वि. विरुवा ... प्र.अ.
मित्र न. खड्का ... फिक्कल ... प्रोविधि ... ५
राम बहादुर राना मगर रत्नावती
भुवन पहाडी बुर्की
केशव रत्नावती
रुपा रमोली
दिक्षीता कार्की
इश्वर खड्का (ड्राइभर)
दिल कुमारी राना (आ.ले.प.)
चम्पा दाहाल (सव इन्जिनियर)
सुशिला थापको (अ.सव.ई.)

PAGE NO. ......
DATE / /

प्र.ज० नर बहादुर थापा — प्रहरी चौकी व्याडःघाडः
प्र.ज० मिथिलेश कुमार यादव — ——॥——
श्री आधारभूत विद्यालय पिपल गल्याङ, गंगा खत्री प्र.अ.
अनिता रसनी
आशिष गणेश रावल — श्री सरस्वती प्रा०वि० गाग्द्दे प्र.अ.
नारायण सिं थापा
तारा विश्वकर्मा — कार्यपालिका सदस्य
सुरेन्द्र नगर — श्री जनता आ. वि. भिरगाउँ नि.प्र.अ.
कमल वि.क. श्री आ. वि. लाइलिखे कुलाइगाउँ प्र.अ.
श्री अन्तर वा डाँडी (ओ।दा)
माध्य. प्रधान विनिता, प्रिन्सल - ८
ई. संदीप उपाध्याय, कृषि इन्जिनियर
इन्द्र बहादुर व्यापारिको मगर
गोमा क्षेत्री नगर प्रहरी
स्मृति व. स्याङ्गी मगर सै.प्र.अ.
वेङ्क प्र० पहाडी श्री जनकोमी आधारिकाले शिक्षक
राजन गाउँले - पत्रकार